नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:-* ४१४ *मिति :-* २०६३/१२/११

नेपाल राष्ट्र बैंक
बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालय ।

विषय : राहदानी लगायत अन्य सटही सुविधा बारे ।

महाशय,

निजी तथा औपचारिक तवरले विदेश भ्रमणमा (भारत बाहेक) जाने नेपाली नागरिकलाई राहदानी वापत सटही सुविधा दिने व्यबस्था भई रहेको सन्दर्भमा केही अस्पष्टता देखा परेकोले उपरोक्त बिषयमा देहाय बमोजिमका व्यबस्थाहरू थप गरिएको हुँदा सोही अनुसार गर्नु/गराउनु हुन यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल सरकारका कर्मचारीहरूको साथसाथै यस बैंकका कर्मचारीहरूको लागि राहदानी वापतको नियमानुसार पाउने सटही सुविधा यस बैंकका बैकिङ्ग कारोवार गर्ने कार्यालयहरूवाट प्रदान गर्न सकिने ।

२. दफा १ बाहेकका अन्य व्यक्तिहरूको राहदानी प्रयोजनको सटही सुविधा लगायत अन्य सटही सुविधा यस बैंकका बैंकिङ्ग कारोवार गर्ने कार्यालयहरूवाट प्रदान नगर्ने ।

३. कथमकदाचित दफा १. बाहेकका अन्य व्यक्तिहरूलाई राहदानी वापतको सटही सुविधा प्रदान गर्नु पर्ने अवस्था आईपरेमा तथा व्यक्तिहरूले बिभिन्न स्रोतवाट प्राप्त गरी विक्री गर्न ल्याएको विदेशी मुद्रा यस बैंकका बैकिङ्ग कारोवार गर्ने कार्यालयहरूवाट खरिद/विक्री गर्नु परेमा औचित्यताको आधारमा कार्यालय प्रमुखको लिखित स्वीकृतिवाट मात्र त्यस्तो कारोवार गर्न सक्ने ।

भबदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक